**EUROPEAN UNION**
**ELECTION OBSERVATION MISSION - NEPAL 2013**
**CONSTITUENT ASSEMBLY ELECTIONS**

#

# प्रेस विज्ञप्ति

## ईयु निर्वाचन पर्यवेक्षण मिसनद्वारा ३४ दीर्घकालीन पर्यवेक्षक परिचालन

काठमाडौं, ३१ असोज । युरोपेली संसद सदस्य, प्रमुख पर्यवेक्षक इभा जोलीले नेतृत्व गर्नुभएको युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)ले ३४ जना दीर्घकालीन पर्यवेक्षकहरूको एउटा समूहलाई आज नेपालभर परिचालन गरेको छ । यी पर्यवेक्षकहरू मंसिर ४ गते हुने कार्यक्रम रहेको संविधानसभाको निर्वाचन पर्यवेक्षण गर्न असोज २७ गते नेपाल आइपुगेका हुन् ।

काठमाडौँमा तीनदिनसम्म विस्तृत जानकारी दिइएपछि ईयु पर्यववेक्षकहरू नेपालका सबै क्षेत्रमा परिचालित हुँदैछन् । आगामी साताहरूमा पर्यवेक्षकहरूले निर्वाचन अधिकारी, उम्मेदवार तथा नागरिक समाजका प्रतिनिधिसमेतसँग भेट गरी आफूले अवलोकन गरेका कुराहरूलाई काठमाडौँमा पठाउनेछन् ।

निर्वाचनको केही अघि युरोपेली संसदको एउटा प्रतिनिधिमण्डल, ईयु सदस्य राष्ट्रका दूतावासबाट स्थानीय रूपमा भर्ना गरिएका अल्पकालीन पर्यवेक्षकसँगै ४० जना अल्पकालीन पर्यवेक्षकहरू मतदान, मतगणना तथा मतपरिणामको तालिकीकरणको पर्यवेक्षण गर्न यस टोलीमा संलग्न हुँदैछन् ।

ईयु निर्वाचन पर्यवेक्षकहरू आफ्नो तटस्थता र निष्पक्षता सुनिश्चित गर्ने कठोर आचारसंहिताबाट बाँधिएका छन् । तिनले निर्वाचन प्रक्रियामा हस्तक्षेप गर्दैनन् र निर्वाचन प्रक्रियामा हुने कमी कमजोरीलाई बदल्ने वा सुधार्ने वा बदल्न अनुरोध गर्ने अधिकार उनीहरूलाई हुँदैन ।

ईयु ईओएमले निर्वाचन सकिएको थोरै दिनपछि प्रारम्भिक वक्तव्य जारी गर्नेछ । भविष्यमा हुने निर्वाचनका लागि प्राविधिक सिफारिससहितको अन्तिम प्रतिवेदन पछि प्रकाशित गरिनेछ ।

*थप जानकारीका लागि सम्पर्क गर्नुहोस्:* ***प्रेस अधिकृत एबरहार्ड लौए***
*मोबाइल: +९७७ ९८०१ १०११८६ इमेल: eberhard.laue@eueomnepal.eu*#

**हामीलाई [www.facebook.com/EUEOM.Nepal.2013](www.facebook.com/EUEOM.Nepal.2013) मा like तथा**
**ट्विटरमा @eueomne मा follow गर्नुहोला**